# दार्मा गाउँपालिकाको दसौँ गाउँ सभामा प्रस्तुत समीक्षात्मक प्रतिवेदन

## २०७८ माघ १६ गते आइतबार

**दार्मा गाउँपालिका**
**सल्यान**
**कर्णाली प्रदेश**
**२०७८**

# दार्मा गाउँपालिकाको दसौँ गाउँ सभामा मिति २०७८ माघ १६ गते आइतबार
# अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूले
# प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/०७९ को समीक्षात्मक प्रतिवेदन

**दार्मा गाउँपालिका**
**सल्यान**
**कर्णाली प्रदेश**
**२०७८**

## दार्मा गाउँपालिकाको यस गरिमामय दसौँ गाउँ सभाका सदस्यहरू,

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष, महान जनयुद्ध र विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्नेगरी जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधान बमोजिम गठित दार्मा गाउँपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा समीक्षात्मक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई निकै खुशी लागेको छ ।

२. आज माघ १६ गते अर्थात् सहिद दिवस । यस अवसरमा शुक्रराज शास्त्री, दशरथ चन्द, गंगालाल श्रेष्ठ र धर्मभक्त माथेमासहित लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरूप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । राज्य व्यवस्था परिवर्तनका लागि यस दार्मा गाउँपालिकाबाट ज्यानको आहुती दिनुहुने मानसिंह राना, धनबहादुर थापा, प्रेमबहादुर देवकोटा, टोपबहादुर वि.क., तिलक चन्द, प्रेमबहादुर बोहरा, हुकुम वली, जीतबहादुर बुढाथोकी, नेवबहादुर चन्द, रमा पुन, शारदा चन्दप्रति उच्च सम्मान प्रकट गर्दछु । त्यसैगरी खिमबहादुर वली, सूर्यविक्रम राना, लालसिंह वि.क., सत्यदेव शर्मा, यज्ञबहादुर खड्का, भद्रबहादुर के.सी., माधु खड्का, पहलबहादुर बुढाथोकी, दीपेन्द्र प्रकाश

के.सी., ज्ञानबहादुर के.सी., दिनेश के.सी. र प्रचण्ड विक्रम बुढाथोकीप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । त्यसैगरी जनयुद्धका क्रममा विद्रोही पक्षबाट ज्यान गुमाउनुहुने कृष्ण चन्द प्रति पनि श्रद्धाञ्जली व्यक्त गर्दछु । यसक्रममा सहिद परिवार, बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान प्रकट गर्दछु ।

३. नेपाली जनताको लामो त्याग, तपस्या र बलिदानीको परिणाम स्वरुप प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानका साथै मुलुकको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनताको रक्षार्थ सबै देशभक्ति मनहरू एकाकार हुन अपील समेत गर्दछु ।

४. प्रथम पटक २०७४ वैशाख ३१ गते भएको पहिलो चरणको निर्वाचन सम्पन्न भई दार्मा गाउँपालिका सरकार गठन भएको पाँच वर्ष पूरा हुदैछ । पहिलो वर्ष आधार स्तम्भ, दोस्रो वर्ष पूर्वाधार विकास र त्यसपछिका वर्षहरूमा पूर्वाधार विकासको तीव्रतासँगै कोभिड १९ को महामारीसँग जुध्नु परेको छ ।

५. सङ्घीयता कार्यान्वयन पश्चात जननिर्वाचित स्थानीय पहिलो सरकारको नेतृत्वमा सम्पादित मुख्य मुख्य कार्यहरूको क्षेत्रगत रूपमा यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**६. शिक्षा क्षेत्रमा भएको प्रगति सङ्क्षिप्त रूपमा प्रस्तुत गर्दछु । शिक्षा क्षेत्रमा सम्पादित मुख्य कार्यहरूको विवरण यस प्रकार रहेको छ :**

६.१. विद्यालय शिक्षामा १२ वटा २ कोठे र ४ कोठे चार वटा गरी १६ वटा विद्यालय भवन निर्माण गरिएको छ । जसबाट ४० वटा कक्षाकोठा थप भएका छन् ।

६.२. त्यसैगरी विद्यालयहरूमा १० वटा शौचालय माध्यमिक विद्यालयहरूमा ५ वटा ICT ल्याब, ३ वटा विज्ञान प्रयोगशाला, ३ वटा पुस्तकालय र २ वटा विद्यालयमा सिकाइ सामग्री व्यवस्थापन गरिएको छ ।

६.३. आर्थिक वर्ष २०७५/०७६ मा शिक्षामा ८ करोड ४६ लाख ७९ हजार ३ सय ८५ लगानी गरिएको छ । जसमा प्रति विद्यार्थी लागत १३ हजार ४ सय २२ हुन गएको छ । त्यसैगरी आर्थिक वर्ष २०७६/०७७ मा ९ करोड २१ लाख ९२ हजार २ सय ६८ लगानी गरी प्रति विद्यार्थी लागत १७ हजार २ सय ७१ हुन गएको छ । आर्थिक वर्ष २०७७/०७८ मा १० करोड ४६ लाख ७६ हजार ३ सय १० लगानी गरी प्रति विद्यार्थी लागत १७ हजार ५ सय १३ पुगेको छ ।

६.४. चालु आर्थिक वर्षमा शिक्षामा ११ करोड ५८ लाख ११ हजार बिनियोजन गरि कार्यक्रम सञ्चालन भईरहेका छन् । जसमा अझै ६४ लाख ९७ हजार थप गर्नुपर्ने अवस्था रहेको छ ।

६.५. शैक्षिक सत्र २०७५ मा यस दार्मा गाउँपालिको सिकाइ उपलब्धी ४८ प्रतिशत रहेकोमा २०७६ मा ५६.८ र २०७७ मा बढेर ६७.६ प्रतिशत पुगेको छ ।

६.६. दार्मा गाउँपालिमा शिक्षा क्षेत्रको योजनावद्ध विकासका लागि दार्मा गाउँपालिकाको आवधिक शिक्षा योजना २०७९ देखि २०८३ निर्माण गरी पारित गर्नका लागि यसै गरिमामय सभाको कार्यसूचीमा राखिएको छ ।

६.७. हाम्रो दार्मा स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १-८ मा नै लागू गरिएको छ ।

६.८. शैक्षिक सुधार सुझाव कार्यदल गठन गरी कार्यदलबाट प्राप्त सुझावहरूलाई क्रमश: कार्यान्वयन गर्दै लिइएको छ ।

६.९. स्थानीय जनशक्तिको प्रयोग गरी शिक्षक पेसागत सहयोग पुर्याउन दार्मा गाउँपालिका स्तरीय विज्ञ समूह गठन गरी परिचालन गरिएको छ ।

६.१०. शिक्षकलाई पेसागत चिन्तनशील र उत्तरदायी बनाउन तथा शिक्षणमा देखापरेका समस्या समाधानमा सहयोग पुर्याउन शिक्षक सिकाइ समूह गठन गरि मासिक बैठक बस्ने कार्यलाई अगाडि बढाइएको छ ।

६.११. दार्मा गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेट जडान गरी गरिएको छ ।

६.१२. दार्मा गाउँपालिका शैक्षिक गतिविधिहरूलाई सरोकारवाला समक्ष पुर्याउन शैक्षिक बुलेटिन प्रकाशन गरी शिक्षाका गतिविधिहरू सार्वजनिक गर्ने गरिएको छ ।

६.१३. शैक्षिक कार्यक्रमहरूमा सबै विद्यालयमा एकरुपता कायम गर्न दार्मा गाउँपालिका स्तरीय शैक्षिक क्यालेन्डर निर्माण गरी लागू गरिएको छ ।

६.१४. प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सन्दर्भ सामग्रीहरू छपाइ गरी वितरण गरिएको छ ।

६.१५. दिवाखाजा कार्यक्रमलाई थप व्यवस्थित र गुणस्तरीय बनाउन दिवा खाजाको मापदण्डका बारेमा अभिमुखीकरण गर्नुका साथै अनुगमन कार्यलाई व्यापक बनाइएको छ ।

६.१६. दार्मा गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा अध्ययनरत अनाथ, असहाय बालबालिकाहरूको अभिभावकत्त्व ग्रहण गर्ने अभिभावकहरूलाई सम्मान तथा प्रोत्साहन गर्ने गरिएको छ ।

६.१७. राम्रो काम गर्नेलाई सम्मान र काम चोर तथा खराबलाई दण्डित गर्ने नीति अनुरूप निर्धारित मापदण्डका आधारमा सर्वेक्षण गरी वर्ष विद्यालय, वर्ष विद्यार्थी, वर्ष शिक्षक र कर्मचारीहरूलाई प्रत्येक वर्ष सम्मान गर्ने गरिएको छ ।

६.१८. माध्यमिक विद्यालयहरूमा ICT ल्याबका साथै आधारभूत तह (कक्षा ६-८) सञ्चालित विद्यालयहरूमा कम्प्युटर र प्रिन्टर उपलब्ध गराइएको छ ।

६.१९. स्वीकृत स्थायी दरबन्दी, राहत अनुदान कोटा न्यून रही समग्रमा शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५) मा ३५ जना, कक्षा ६-८ मा १३८ र माध्यमिक तह ९-१२ मा १०७ जना रहेको छ । यस दार्मा गाउँपालिकाको समग्र शिक्षक विद्यार्थी अनुपात ५४.९५ रहेको छ ।

६.२०. न्यून दरबन्दीरहेको यस दार्मा गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात कायम गर्न बालविकास, आधारभूत र माध्यमिक तहमा स्वयंसेवक शिक्षक परिचालन गरिएको छ ।

६.२१. सबै विद्यालयहरूमा बालविकास केन्द्र स्थापना गरी बालविकास शिक्षाको सहज पहुँच कायम गर्न १२ जना बालविकास स्वयंसेवक शिक्षक परिचालन गरिएको छ । त्यसैगरी आधारभूत तह (कक्षा १-५) मा र २१ जना (कक्षा ६-८) का लागि ३० जना स्वयंसेवक शिक्षक परिचालन गरिएको छ । त्यसैगरी माध्यमिक तहका लागि १४ जनाका साथै माध्यमिक विद्यालयमा ६ जना कम्प्युटर सहायक र १ जना ल्याब सहायक गरी जम्मा ८४ जना स्वयंसेवक शिक्षक परिचालन गरिएको छ ।

६.२२. दार्मा गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै बालविकास र विद्यालय सहयोगीहरूका लागि मासिक १५ हजार र माध्यमिक तहका विद्यालय सहायकका लागि रु.१९ हजार ५ सय २०७८ श्रवाण १ गतेदेखि लागू हुने गरी मासिक तलबको प्रबन्ध गरिएको छ ।

६.२३. युवा क्लव तथा खेल समूहहरूका लागि खेलकुद सामग्री तथा खेल प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

**७. यस गरिमामय सभाका सदस्यहरू अब म स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको प्रगति प्रस्तुत गर्दछु । हाम्रो नेतृत्वको यस टिमले स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमहरू यस प्रकार रहेका छन् :**

७.१. नेपालको संविधानको धारा ३५ मा उल्लेखित स्वास्थ्य सम्बन्धी मौलिक हकलाई कार्यान्वियनका लागि दार्मा गाउँपालिका सधैं प्रयत्न  र क्रियाशील रहेको छ ।

७.२. सबै वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको प्रत्याभूति दिलाउन स्वास्थ्य संस्था नभएका वडाहरू वडा नं २, ३ र ६ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गर्नुका साथै सुविधा सम्पन्न पक्की भवन समेत निर्माण गरिएको छ ।

७.३. कोडिड १९ को महामारीबाट उपचारको अभावमा मर्नुपर्ने  अवस्था आउन नदिन दार्मा गाउँपालिका ३ स्थित थुक्केसल्लीमा ५५ लाखको लागतमा आइसोलेसन केन्द्र भवन निर्माण गरिएको छ ।

७.४. प्रसूती सेवालाई पहुँचयोग्य र सहज बनाउन दार्मा ३ थुक्केसल्लीमै आधारभूत स्वास्थ्य सेवा सहितको प्रसूतीकेन्द्र भवन निर्माण गरी सेवा सुचारू गरिएको छ ।

७.५. वडा नं. ५ को विकट बस्तीका रूपमा रहेको कागुनोहाल्नेमा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरी सेवा सञ्चालन गरिएको छ ।

७.६. कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि कोभिड अस्थायी अस्पताल स्थापना गरी MBBS डाक्टर द्वारा सेवा प्रदान गरिएको यस गरिमामय सभामा स्मरण गराउन चाहन्छु ।

७.७. प्रसूती सेवालाई थप प्रभावकारी र अनाहकमा आमा र शिशुको ज्यान जानसक्ने खतराबाट मुक्त राख्न दार्मा गाउँपालिकाभित्र आमा तथा नवशिशु कार्यक्रमको लागि निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ ।

७.८. दार्मा गाउँपालिकाभित्र सञ्चालित सबै प्रसूती केन्द्रहरूमा ब्याकअप सहितको सोलार बत्ति जडान गरिएको छ ।

७.९. दार्मा गाउँपालिका ५ त्रिवेणीमा सुविधासम्पन्न प्रसूती भवन निर्माण गरी सेवा प्रदान गर्न थालिएको छ ।

७.१०. स्वास्थ्य सेवाको विस्तार तथा सहज समन्वय र सहकार्यका लागि २७ जना  स्वयंसेविकाहरू परिचालन गरी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

७.११. कोभिड-१९ रोकथाम नियन्त्रणका तथा रोकथामका लागि रोजगारीमा भारत गएका नागरिकहरूलाई घर फर्काउन आवश्यक प्रबन्ध गरिएको स्मरण गराउँछु । त्यसैगरी क्वारेन्टाइन सञ्चालन तथा व्यस्थापन, PCR परीक्षण लगायतका कामलाई तिव्रता दिइएको छ ।

७.१२. कोरोना विरुद्धको खोपका लागि खोज र खोपको अभियान सञ्चालन गरिएको छ । हालसम्म १८ वर्ष माथिका ८ हजार जनालाई कोरोना विरुद्धको खोप पूरा मात्र दिइएको छ । बाँकीहरूको लागि निरन्तर खोप सञ्चालन भइरहेको छ ।

७.१३. दार्मा गाउँपालिकाको पहलमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूको रक्त समूह पहिचान गरी परिचयपत्र वितरण गरिएको छ ।

७.१४. रक्त अल्पता हुन नदिन १० देखि १९ वर्ष समूहका किशोरीहरूलाई फोलिक एसिड तथा आइरन चक्की खुवाउने प्रबन्ध मिलाइएको छ ।

**८. चालु आर्थिक वर्षमा योजना तथा पूर्वाधारको क्षेत्रमा भएका कार्यहरूको अवगत गराउन चाहन्छु ।**

८.१. चालु आर्थिक वर्षमा छनोट भएका योजनाहरूको सङ्ख्या २१० रहेको छ जसमध्ये ६१ वटा योजनाहरू सम्झौता भइसकेका छन् ।

८.२. वडा नम्बर १ का १३, वडा नम्बर २ का १० वटा, वडा नम्बर ३ का १३ वटा, वडा नम्ब ४ का ८ वटा, वडा नम्बर ५ का १० वटा र वडा नम्बर ६ का ७ वटा योजनाहरू सम्झौता भइसकेका छन् ।

८.३. काम सम्पन्न भई भुक्तानीको लागि १४ वटा योजना प्रक्रियामा रहेका छन् भने फारुला लेखागाउँ नेटा सडक

निर्माण र जनज्योति मावि फारूलाको तला थप योजना गरी दुई वटा योजना सम्पन्न भई भुक्तानी भइसकेको छ ।

८.४. यस आर्थिक वर्षका योजनाहरूमध्ये ७ वटा योजनाहरूको टेन्डर भइ ४ वटाको सम्मौता समेत भएको छ ।

८.५. सम्झौता भएका चार योजनाहरूमा सूर्योदय मावि गोठीवन १० कोठे पक्की भवन, तीन पोखरे अँधेरीखोला लयाटा नेटापिपल साङ्ट सडक स्तरोन्नती, सीमाखोली गोठीवन पातिहाल्न प्रसूतीगृह सडक निर्माण  र दार्मा गाउँपालिका विद्युत लाइन विस्तार योजना रहेका छन् ।

८.६. वडा नम्बर ५ को वडा कार्यालय भवन सूचना आह्वान गर्ने प्रक्रियामा रहेको छ ।

८.७. झ्यारीबाङ झोलुङ्गे पुल र साजडाँडा झोलुङ्गे पुल योजा टेन्डर आह्वान भएका छन् ।

८.८. मौलेखाली सिलिङ्गी सडक तारजी निर्माण, बाङ्गेलाखुरी फारुला सडकमा तारजाली निर्माण, गाउँपालिका भवन रङ्गरोगन, गाउँपालिका प्रतिक्षालय तथा शौचालय मर्मत  र गाउँपालिका स्तरीय विद्युत लाइन विस्तार कोटेशन मार्फत भुक्तानी भएका छन् ।

८.९. गाउँपालिकाको प्रशासनिक भवन, १५ सैयाको अस्पताल र गाउँपालिका स्तरीय विद्युतीकरण आयोजना बहुवर्षिय ठेक्का अन्तर्गत निर्माणका काम तीव्र गतिमा भइरहेका छन् ।

**९. यस गरिमामय सभाका सदस्यहरू । अब म कृषि क्षेत्रका कार्यहरूको अवगत गराउन चाहन्छु ।**

९.१. यस दार्मा गाउँपालिकामा ७४ वटा कृषक समूह दर्ता भइ क्रियाशील रहेका छन् । २६ वटा कृषि फर्म दर्ता भएका छन् ।

९.२. दार्मा गाउँपालिकालाई दुग्ध विकास पकेट क्षेत्र घोषणा गरी कार्यक्रम अगाडि बढाइएको छ । पशु अस्पताल तथा पशु सेवा कार्यालयसँगको सहकार्यमा गत वर्षदेखि कृषि सहकारीमार्फत प्रविधि हस्तान्तरण, अनुदानमा उन्नत जातका भैसी वितरण लगायतका दुग्ध प्रवर्धन, सङ्कलन तथा विक्रीवितरणको काम अगाडि बढाइएको छ । यस अन्तर्गत दार्मा गाउँपालिका वडा नं. १, ५ र ६ को दुध सङ्कलनका लागि भवन निर्माण, २ हजार लिटरको दुई वटा चिलिङ भ्याट खरिद, ६० वटा क्यान खरिद, १५ केभीको जेनेरेटर, मिल्क एनालाइजर, गाडी र ३ सय लिटरको डिफ्रिज, क्रिम सेप्रेटर मेसिन, खानेपानी निर्माण, डेस्कटप कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिएको छ ।

९.३. दुध निर्यातका लागि यस दार्मा गाउँपालिकाबाट न्यूनतम ६ सय ७० देखि अधिकतम १ हजार १ सय लिटरसम्म दैनिक दुध सङ्कलन हुने गरेको छ । आर्थिक वर्ष २०७७/०७८ मा २ लाख १८ हजार ५ सय ५०

लिटर दुध संस्थागत रूपमा निर्यात भएको थियो । प्रतिलिटर ४७ रूपैयाका दरले कृषकको १ करोड २७ लाख १ हजार ८ सय ५० रुपैयाँ आम्दानी भएको छ । फुटकर विक्रीको परिमाण, दही, घ्यू आदि समेत गरी सोभन्दा बढी परिमाणमा उत्पादन हुने गरेको छ । यसलाई संस्थागत गरी बजारीकरण गर्न आवश्यक छ ।

९.४. दार्मा ५ लयाँटामा गहुँ, दार्मा ६ किमुटाकुरामा मकै बिज वृद्धि कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष मूल बिँउ वितरण गर्ने गरिएको छ ।

९.५. कृषकहरूलाई सिजनल तरकारी र खाद्यन्न बालीको बिउँ बिजन अनुदान मूल्यमा उपलब्ध गराउने गरिएको छ ।

९.६. आकस्मिक बाली संरक्षण सेवामार्फत रोग किरा व्यवस्थापन गरिएको छ ।

९.७. पकेट विकास कार्यक्रम सञ्चालन भएको ठाउँमा ३ वटा RCC सिंचाइ पोखरी निर्माण गरिएको छ ।

९.८. बेसार पकेट क्षेत्रमा २ वटा सेड निर्माण गरिएको छ ।

९.९. आलुपकेट क्षेत्र दार्मा ५ जलेखर्कमा रष्टिक स्टोर निर्माण गरिएको छ ।

९.१०. दार्मा गाउँपालिकामा ५५ वटा पशुपालन व्यवसायिक फर्म दर्ता भएका छन् । तीन स्थानमा पशु सेवा केन्द्र

विस्तार गरिएको छ । सात वटा फार्मलाई व्यवसायिक युवा लक्षित अनुदान प्रदान गरिएको छ ।

९.११. दार्मा गाउँपालिका भित्रका सहिद वेपत्ता परिवार र जनयुद्धका घाइते अपाङ्ग योद्धाहरूको भेलाले ६७ सदस्यीय सहिद स्मृति आयआर्जन कृषक समूह गठन गरेको छ । पशुपालन र कृषि क्षेत्रको व्यवसायीक उत्पादनका लागि कार्ययोजना अघि बढाएको छ ।

९.१२. सिंचाइको अभाव, कृषि व्यवसायीकरण हुन नसक्नु, न्यून बजेट विनियोजन, मूल बिउँ स्रोतको अभाव. उत्पादित कृषि उपजको बजारीकरण लगायतका समस्यासँग जुध्नु परेको छ ।

## १०. महिला तथा बालबालिकाको क्षेत्रको गतिविधिहरू यस गरिमामय सभामा प्रस्तुत गर्दछु :

१०.१. विभिन्न दिवसहरूको अवसरमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइएको छ ।

१०.२. बालविवाह, न्यूनीकरण, लैंगिक हिंसा, प्रजनन स्वास्थ्य, पोषण, सासु बुहारी अन्तरक्रिया लगायतका चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

१०.३. मैनबत्ती, अगरबत्ती, सिलाइकटाइ, ड्राइभिङ, हावर वाइरिङ, कम्प्युटर मर्मत, मसला उद्योग, पलम्बर, होजेरी, बेकरी सम्बन्धी तालिका लागि उद्यमीसँग उपाध्यक्ष कार्यक्रम मार्फत ३३६ जना छनोट गरि तालिम सञ्चालनको अन्तिम चरणमा रहेको छ ।

१०.४. जेष्ठ नागरिका ज्यूदा इतिहास हुन भन्ने मान्यतालाई आत्मसात् गरी ७७ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको छ । जनजाति संस्कृति झल्काउने ४४ जोडा पोसाक वितरण गरिएको छ ।

१०.५. बाख्रापालन मार्फत आयआर्जन वृद्धि गर्न ४५ घरपरिवार जनजातिलाई बाख्रा वितरण गरिएको छ ।

१०.६. अन्तरजातीय विवाह गर्ने १४ जोडीलाई सम्मान गरिएको छ ।

१०.७. सबै वडामा बाल क्लव गठन गरिएको छ ।

१०.८. अपाङ्गता भएका १७५ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ ।

१०.९. कर्णाली प्रदेश सरकारको बैङ्क खाता छोरीको सुरक्षा जीवन भरीको कार्यक्रम अन्तर्गत ३३८ जना छोरीहरूको खाता खोलिएको छ ।

**११. अब म यस गरिमाय सभामा न्यायीक क्षेत्रमा गरेका कार्यहरूको स्मरण गराउन चाहन्छु :**

११.१. दार्मा गाउँपालिकाको स्थानीय सरकार निर्वाचित र जिम्मेवारी प्राप्त गरे यता अत्यावश्यकीय चार दर्जन कानुन निर्माण, पारित र स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । अति आवश्यकीय ऐन, नियमावली, कार्यविधि र मापदण्ड पारित र स्वीकृत भई अभिलेख व्यवस्थापन गरी कार्यान्वयनमा आएका छन् ।

११.२. नेपालको संविधानको धारा २१७ बमोजिम स्थानीय तहमा न्यायीक समितिको व्यवस्था गरिएको छ । कानुनबमोजिम आफ्नो क्षेत्राधिकार भित्रका विवाद निरुपण गर्न यस दार्मा गाउँपालिकामा उपाध्यक्षको संयोकत्वमा तीन सदस्यीय न्यायीक समिति गठन हुने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा न्यायीक कार्यसम्बन्धी व्यवस्था गर्दै न्यायिक समितिको अधिकार क्षेत्रसमेत तोकिएको छ । यसै क्षेत्राधिकारभित्र रहेर न्यायिक समितिबाट सम्पादित कार्यहरू यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।

११.३. निर्वाचित भएको पहिलो वर्ष २०७५/०७६ मा न्यायिक समितिको क्षेत्राधिकार भित्र परेका ४१ वटा उजुरी दर्ता भएकोमा ३९ वटा विवाद मिलापत्र र २ वटाको उजुरी चाही न्यायिक समितिबाट विवाद निरूपण भएको छ ।

११.४. आर्थिक वर्ष २०७६/०७७ मा यस यस न्यायिक समितिको क्षेत्राधिकारभित्र ६५ वटा उजुरी दर्ता भएकोमा ४५ वटा विवाद मेलमिलापबाट समाधान गरिएको छ । बाँकी विवादको २०७७/०७८ मा पेशी सारिएको थियो ।

११.५. आर्थिक वर्ष २०७७/०७८ मा ११८ वटा उजुरी दर्ता भएकोमा ७३ वटा विवाद मेलमिलाप, ५ वटा जिल्ला

अदालतमा पुनरावेदन  र ४० वटा मुद्धाको लगत कट्टा गरिएको छ ।

११.६. आर्थिक वर्ष २०७८/०७९ मा ९ वटा उजुरी दर्ता भएकोमा ४ वटा विवादको निरूपण मेलमिलापबाट समाधान गरिएको छ । २ वटा विवादको पेशी तोकिएको र ३ वटा मुद्धा प्रक्रिमा रहेका छन् ।

११.७. हालसम्म न्यायीक समितिमा २३३ वटा उजुरी दर्ता भएमा १६३ वटा उजुरीको विवाद निरुपण मेलमिलापबाट भएको छ । ४० वटा मुद्धा स्थगित गरिएको छ । ५ वटा मुद्धा पुनरावेदन गरिएको छ भने २० वटा मुद्धा सुरक्षा निकायसँग समन्वय गरी मेलमिलाप भएको छ भने ५ वटा मुद्धा कानुनबमोजिम प्रक्रियामा रहेका छन् ।

**१२. यस गरिमामय सभाका सदस्यज्यूहरू ! म अब विपद् व्यवस्थापन सम्बन्धमा यस दार्मा गाउँपालिकाले सम्पादन गरेका कार्यहरूको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

१२.१. विपद व्यवस्थापन कोषबाट यस आर्थिक वर्षमा  ५९ जनालाई तीन लाख नौ हजार नौ सय नब्बे रुपैया प्रदान गरिएको छ ।

१२.२. पहिरो, घर आगलानी, घर ढलेका, बाढी पीडित लगायतलाई राहत स्वरुप आर्थिक सहायता प्रदान गर्ने गरिएको यस सम्मानित सभालाई अवगत गराउन चाहन्छु ।

**१३. आर्थिक वर्ष २०७८/०७९ मा हाम्रो यस दार्मा गाउँपालिकाले आन्तरिक राजश्वको क्षेत्रमा गरेको प्रगति प्रस्तुत गर्न चाहन्छु ।**

१३.१. आर्थिक वर्ष २०७८/०७९ को लागि नवौं गाउँसभामा यस दार्मा गाउँपालिकाको आन्तरिक राजश्व ६६ लाख ३५ हजार ६ सय २८ प्रक्षेपण गरिएको थियो ।

१३.२. हालसम्म ११ लाख १२ हजार ९ सय ५७ प्रगति भएको छ । जुन प्रक्षेपणको १६.७७ प्रतिशत हुन जान्छ ।

१३.३. हालसम्म सबैभन्दा बढी सिफारिस दस्तुरबाट ३ लाख ६७ हजार ५ सय ७५ राजश्व प्राप्त भएको छ । भूमिकर / मालपोतबाट १ लाख ७४ हजार ४ सय ७७, घरबहाल कर ६४ हजार ६ सय ६४ प्राप्त भएको छ भने शिक्षा क्षेत्रको आम्दानी ६१ हजार १ सय रहेको छ ।

१३.४. सम्फ्टवेयर प्रणाली लागू नहुनु, समयमा दाखिला नहुन, ढुङ्गा गिट्टीमा राजश्व सङ्कलन नहुनु राजश्व सङ्कलनमा देखापरेका समस्या हुन् । नागरिकहरूमा स्वच्छाले कर तिर्ने बानीको विकास पनि हुन सकेको छैन ।

**१४. गरिमामय यस सभाका सदस्याज्यूहरू ! प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमबाट यस दार्मा गाउँपालिकामा प्राप्त बजेट र रोजगारको अवस्थालाई यस गरिमाय सभा समक्ष प्रस्तुत गर्दछु ।**

१४.१. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट यस दार्मा गाउँपालिकामा बेरोजगारहरूलाई रोजगारीको हक सुनिश्चित गर्न २०७६/०७७ देखि २०७८/०७९ सम्म तीन वर्षमा १७ करोड ८२ लाख १४ हजार प्राप्त भएको छ ।

१४.२. चालु आर्थिक वर्ष २०७८/०७९ का लागि मात्रै ६ करोड ८६ लाख बजेट बिनियोजन भएको छ ।

१४.३. दार्मा गाउँपालिकाको रोजगार सेवाकेन्द्रको EMIS मा सूचीकृत भएकाहरूको सङ्ख्या ६ हजार २ सय रहेको छ । तीन वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २ हजार ४ सय १२ जना र मुख्यमन्त्री रोजगार कार्यक्रमबाट ३ हजार ६ सय ४५ जनाले रोजगार पाइसकेका छन् ।

१४.४. आर्थिक वर्ष २०७६/०७७ देखि हालसम्म यस दार्मा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ४६ वटा योजनाहरू सम्पन्न भएका छन् । मुख्यमन्त्री रोजगार कार्यक्रमकाबाट सम्पन्न भएका योजनाको सङ्ख्या १८ रहको छ । चालु आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ५३ वटा र मुख्यमन्त्री रोजगार

कार्यक्रमबाट ८ वटा योजनाहरू छनोट भई सञ्चालनमा रहेका छन् ।

**१५. यस दार्मा गाउँपालिकाको जनशक्तिको अवस्था बारे जानकारी गराउँछु ।**

१५.१. दार्मा गाउँपालिकाकव स्थापनासँगै कामकाज सहज रूपमा सञ्चालन गर्न जनशक्तिको अभाव थियो । एक जना प्रमुख प्रशासकीय अधिकृतको भरमा मात्रै गाउँपालिकाको सम्पूर्ण कामकाज सञ्चालन गर्नुपरेको यथार्थता तपाईंहरू समक्ष स्मरण गराउँछु ।

१५.२. जनशक्ति व्यवस्थापनतर्फ हाल हाम्रो यस दार्मा गाउँपालिकामा स्वास्थ्य सेवा बाहेक ३९ जनाको स्थायी दरबन्दी रहेको छ । जसमध्ये प्रमुख प्रशासकीय अधिकृत १ जना, अधिकृत छैठौं ६ जना, सहायक पाँचौं १५ जना र सहायक चौथौ १७ जनाको दरबन्दी रहेको छ । हाल प्रमुख प्रशासकीय अधिकृत १, अधिकृत छैठौं ४, सहायक पाँचौ ६ र सहायक चौथो ७ जना गरी १७ जनाको दरबन्दी रिक्त रहेको छ । स्वास्थ्य सेवातर्फ १६ जनाको स्थायी दरबन्दीमा १६ जना नै स्थायी पदपूर्ति भएको अवस्था छ ।

१५.३. रोजगार संयोजक, सूचना प्रविधि अधिकृत, प्राविधिक सहायक, स्टाफ नर्स, एम.आई.एस. अप्रेटर, लघु उद्यम विकास सहजकर्ता, अ.हे.व., अनमी, कृषि, पशुसेवा, सवारी

चालक, कार्यालय सहयोगी लगायत ६२ जनाको करार दरबन्दी स्वीकृत गरी  करार सेवामा परिचालन गरिएको छ ।

**१६. यस गरिमामय गाउँ सभाका सदस्यहरू ! हामी माझ केही  समस्या तथा चुनौतिहरू पनि रहेका छन् । ती समस्या तथा चुनौतीहरू यस प्रकार रहेका छन् :**

१६.१. बाह्रै महिना चल्ने  गुणस्तरीय कालोपत्रे  सडकको विकास  गर्नु ।

१६.२. सीमित साधन स्रोत र बजेटबाट असीमित माग र आवश्यकता पूरा गर्नु ।

१६.३. विद्‌युतिकरणका लागि बजेट भएर पनि बजारमा सामग्री अभाव हुनु ।

१६.४.  विकासका सामान्य पूर्वाधारको जग उठाउदै तीव्र विकासको अपेक्षा सम्बोधन ।

१६.५. बजेट थोरै तर  ठूला लागतका विकासका पूर्वाधार खडा गर्न गर्नुपर्ने आवश्यकता  ।

१६.५. परम्परागत कृषि प्रणाली ।

१६.६. समालोचनात्मक नभइ  निरपेक्ष आचोलचनात्मक प्रवृत्ति ।

१६.७. भौगोलिक विकटताका कारण नवीनम सूचना प्रविधिका लागि टेलिफोन लगायत द्रुतगतिको इन्टरनेटको पहुँच विस्तार गर्नु ।

१६.८. मानव संसाधनका पक्षमा क्षेत्रगत विशिष्टताका आधारमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नु ।

१६.९. स्थानीय स्तरमै व्यवसायीक सम्भावनाको खोजीका लागि प्रोत्साहित गर्नु ।

**१७. हामी माझ चुनौतीका साथ उत्तिकै सम्भावहरू पनि रहेका छन् । दार्मा गाउँपालिका भित्र रहेका ती सम्भावनाहरू पनि यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।**

१७.१. नेपाली जनताको लामो त्याग र बलिदानीबाट जारी नेपालको संविधानले सुनिश्चित गरेका २२ वटा एकल अधिकारको प्रयोग गर्न पाउनु नै दर्माली जनता र दार्मा गाउँपालिकाका लागि पहिलो अवसर हो ।

१७.२. जनयुद्ध र जनआन्दोलनले दर्माली जनतामा ल्याएको राजनीतिक र सामाजिक चेतनास्तरलाई माथि उठाएको छ ।

१७.३. कृषि र पशुपालनमार्फत आत्मनिर्भरताका लागि उपयुक्त हावापानी र उचित भू -बनोट रहेको छ ।

१७.४. कृषि तथा फलफूलका लागि उर्वर माटो तथा पशुपालनका लागि उचित वन तथा चरण क्षेत्र हुनुले दार्मामा कृषिको व्यवसायीकरणका लागि राम्रो सम्भावना रहेको छ ।

१७.५. जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापनाका लागि प्रचुर सम्भावना रहेको छ ।

१७.६. दुग्धजन्य उत्पादन, बेसार, अदुवा, फलफूलजन्य जुसलगायतका कृषिजन्य उद्योग स्थापना गर्न सकिने कच्चा पदार्थको पर्याप्त उपलब्धता रहेको छ ।

१७.७. मालिकाबाट प्यारागलाइडिङ तथा केबुलकार सञ्चालनको सम्भावना रहेको छ ।

१७.८. विभिन्न खानीहरूको खोजी तथा त्यसको उत्खननको सम्भावना पनि हामी माझ रहेको छ ।

१७.९. यस गाउँपालिका क्षेत्रभित्र ३६ वटा विद्यालय तथा उच्च शिक्षाको लागि एक वटा क्याम्पस हुनुले पनि शैक्षिक तथा प्राज्ञिक जनशक्ति उत्पादनको बलियो आधारका रुपमा लिन सकिन्छ ।

१७.१०. संघ र प्रदेश तथा अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाहरूसँगको समन्वय र सहकार्यबाट विकासको हातेमालो हुनु हाम्रा लागि सुखद र शुभ सङ्केतका आधारहरू भएको यस गरिमामय सभामा अवगत गराउँन चाहन्छु ।

१८. हाम्रो दार्मा राम्रो दार्मा जिम्मेवारी हाम्रो काँधमा, रोकौं महामारी उठाऔं पूर्वाधार बढाऔं उत्पादन बनौं स्वरोजगार लगायतका नारा र समृद्ध दार्माको परिकल्पनालाई साकार बनाउनु छ । त्यसका लागि सबै जिम्मेवार बनेर सकरात्मक सोचका साथ रचनात्मक सुझाव प्रदान गरी सहयोग गर्न अपील समेत गर्दछु ।

धन्यवाद !